हरित नगर समृद दमक

दमक नगरपा लका

# नगर कार्यपा लकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

## औषधि खरिद सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

सी.द.भा.प.नं.४/०७४/७५

(प्रथम पटक प्रकाशित मिति २०७४/११/२१º

प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औ दिनको कायालय समय भित्र रु.१०००/- (फिर्ता नहुने गरीº दमक नगरपालिकामा जम्मा गरेको नगदी रसिद सहित निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट दरभाउपत्र खरिद गर्न सक्नेछ। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०७३/०७४ को नविकरण गरिएको कम्पनी प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, औषधि व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र वा स्था.ले.नं., यस नगरपालिकाको ठेगानामा भए यस कार्यालयमा व्यवशाय दर्ताको प्रमाणित प्रतिलिपी तथा कालो सूचीमा नपरेको, कानूनवाट अयोग्य नभएको लिखित घोषणापत्र र अन्य कागजातहरु दरभाउपत्र साथ संलग्न राखी तोकिएको स्थानवाट खरिद गर्न निवेदन पेश गर्नु पर्नेछ।

१. दरभाउपत्र खरिद गर्न आउदा रु.१०/- को टिकट टाँस गरी निवेदन साथ आवश्यक प्रमाणित कागजातहरु संलग्न गर्नुपर्नेछ।
२. सूचना प्रकाशित भएको मितिले १५औ दिनसम्म दरभाउपत्र फारम बिक्री हुने छ र १६औं दिनको १२ बजेसम्म बिक्री भएको दरभाउपत्र यस कार्यालयमा दर्ता गरिनेछ। दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे खोलिने छ, र सो दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको २.५% ले हुन आउने रकम दमक नगरपालिकाको नाउँमा खोलिएको राष्ट्रिय बाणिज्य बैक दमक शाखामा रहेको खाता नं.२१४०३०३००७१०२ धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर वा सो बरावरको मान्यता प्राप्त वाणिज्य बैकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको जमानत (वीडवण्डº को सक्कल प्रति पेश गर्नु पर्नेछ।
३. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोलिने दिन बिदा परेमा उक्त कार्यहरु सो को भोलीपल्ट हुनेछ।
४. म्याद भित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र पेशकर्ताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र पेशकर्ताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन।
५. दरभाउ पत्रमा कवोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ। केरमेट भएको ठाउँमा दस्तखत भएको हुनु पर्नेछ।
६. औषधि खरिद गर्दा WHO JMP Certify कम्पनीवाट उत्पादित औषधिमात्र खरिद गरिनेछ।
७. सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङको वाहिर उत्पादन मिति, Expire Date र व्याच नम्वर लेखिएको हुनु पर्नेछ।
८. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कवोल अंकको थप २.५% ले हुन आउने रकम दमक नगरपालिकाको नाउँमा खोलिएको राष्ट्रिय बाणिज्य बैक दमक शाखामा रहेको खाता नं.२१४०३०३००७१०२ धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर वा सो बरावरको मान्यता प्राप्त वाणिज्य बैकले जारी गरेको कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स वण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ।
९. दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१०. यस कार्यालयमा प्राप्त हुने औषधिको म्याद प्राप्त भएको मितिले कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ।
११. यस कार्यालयमा औषधि आपुर्ती गर्न लाग्ने ढुवानी तथा अन्य करहरु दरभाउपत्रवाला स्वयंले व्यहोर्नु पर्ने छ।
१२. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत, कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नुपर्नेछ। दस्तखत नभएको, कार्यालयको छाप नभएको दरभाउपत्र मान्य हुने छैन।
१३. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ।
१४. दरभाउपत्र सम्वन्धि अन्य कुराहरु बुझ्नु पर्ने भएका यस कार्यालयमा सम्पर्क गर्नु होला।
१५. एक बिक्रेताको नाउँमा बिक्री भएको दरभाउपत्र अर्को बिक्रेताका नाममा दाखिल हुन पाउने छैन।
१६. दरभाउपत्रमा उल्लेख भएको कुनै औषधिको परिणाम थप घट हुन सक्नेछ।
१७. दरभाउपत्र (औषधिº कुल लागत अनुमान अंक जम्मा रु.१०,५०,०००/- दश लाख पचास हजार हुनेछ।
१८. फर्मको प्रतिनिधिले दरभाउपत्र खरिद गर्न आउदा अनिवार्य रुपले मन्जुरीनामा पत्र लिएर आउनु पर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत
दमक नगरपालिका